# कृषकस्तर पशुपन्छी पालन आधारभूत व्यवहारिक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७३

प्रस्तावना:

विषय विशेष तालिम (गाई, भैंसी, बाख्रा, बंगुर र कुखुरा) लिई व्यवसायिक पशुपंक्षी पालन गर्न ईच्छुक युवा कृषक/उद्यमीहरुलाई सम्वन्धित विषयको पशुपंक्षी फार्ममा नै राखी गर्दै सिक्दै जाने (Learning by doing) सिद्धान्तको आधारमा ज्ञान र सीप हासिल गराई दक्ष बनाउन नेपाल सरकारको पशुपालन सम्बन्धी आधारभूत व्यवहारिक तालिम कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र सञ्चालन गर्न यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "कृषकस्तर पशुपंक्षी पालन आधारभूत व्यवहारिक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७३" रहेको छ ।

(ख) यो कार्यविधि नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

(ख) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ ।

(ग) "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ ।

(घ) "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ ।

(ङ) "कार्यविधि" भन्नाले "कृषकस्तर पशुपंक्षी पालन आधारभूत व्यवहारिक तालिम (पन्ध्र दिने) कार्यक्रम सञ्चालन कार्यविधि, २०७३" सम्झनु पर्छ ।

(च) "कार्यक्रम" भन्नाले कृषकस्तर आधारभूत व्यवहारिक तालिम कार्यक्रम सम्झनु पर्छ ।

(छ) "सहभागी" भन्नाले आधारभूत व्यवहारिक तालिम कार्यक्रममा सहभागी कृषक सम्झनु पर्छ ।

(ज) "कृषक" भन्नाले व्यवसायिक पशुपन्छी पालन (गाई, भैंसी, बाख्रा, बंगुर र कुखुरा) व्यवसायमा संलग्न कृषक तथा उद्यमी लाई सम्झनु पर्छ ।

३. उद्देश्यः

प्रशिक्षार्थीहरुलाई पशुपन्छी फार्ममा नै राखी आफैं गरेर सिक्ने सिकाईको प्रक्रियाद्वारा नियमित रुपमा सिक्ने अवसर प्रदान गर्दै सम्वन्धित विषयमा व्यवहारिक रुपमा दक्ष बनाउने ।

## परिच्छेद २

## तालिम कार्यक्रम सम्बन्धी

४. तालिम सञ्चालन स्थलः विषय विशेष तालिमसँग सम्वन्धित पशुपन्छीका सरकारी, अर्धसरकारी र उत्कृष्ट सहकारी एवम् नीजि फार्म र श्रोतकेन्द्रहरुमा यस प्रकारको तालिम सञ्चालन गरिनेछ ।

५. तालिम अवधिः तालिमको लागि छनौट भएका सहभागिहरुलाई एक आर्थिक वर्षमा एक पटक १५(पन्ध्र) दिनको आधारभूत तालिम प्रदान गरिनेछ । आधारभूत तालिम प्राप्त गरी सम्वन्धित पशुपन्छी पालन व्यवसायमा सक्रिय रहेका प्रशिक्षार्थीहरुलाई आगामी तीन आर्थिक वर्षहरु भित्र १५(पन्ध्र) दिनकै सोही विषयमा पुनर्ताजगी तालिम दिईनेछ ।

६. प्रशिक्षार्थी छनौटको लक्षित वर्गहरु :

६.१ पशुपन्छी पालन पेशामा संलग्न युवा कृषकहरु

६.२ वैदेशीक रोजगारीबाट फर्की पशुपन्छीपालन व्यवसायमा संलग्न युवाहरु

६.३ जिल्ला पशु सेवा कार्यालयमा फार्म दर्ता गरी पशुपालन व्यवसाय संचालन गरीरहेका युवाहरु

६.४ माथि जे लेखीएतापनि बूंदा नं ६.२ र ६.३ मा उल्लेख भएका युवाहरुलाई छनौटमा प्राथमिकता दिईनेछ ।

७. तालिम स्लट र प्रशिक्षार्थीको संख्याः एक स्लटमा कम्तिमा ५ देखि १० जना प्रशिक्षार्थीहरु सहभागी हुने गरी एकै विषय विशेष वा २ वटा मिल्दोजुल्दो विषय विशेष तालिममा कम्तिमा ५ जनाको एक विषय विशेष समूह बनाई तालिम सञ्चालन गरिनेछ ।

८. सहभारी छनौट विधिः पशु सेवा तालिम तथा प्रसार निर्देशनालय वा सम्वन्धित अन्य निर्देशनालय वा कार्यालयले कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने छ।

९. कार्यविधिको बुदां नं ६ मा तोकिए बमोजिमका मापदण्ड पुरा गरेका युवा पशुपन्छीपालक कृषकहरुले सूचनामा तोकिएको निकायमा दरखास्त पेश गरेपछि अनुसूचि १ मा उल्लेखित आधारमा सम्बन्धित निर्देशनालय/ कार्यलयले मूल्याङ्कन गरी उपयुक्त ठहरिएका अवेदकहरुलाई तालिममा सहभागिताको लागि आवश्यक संख्यामा छनौट गरिनेछ ।

१०. तालिम सञ्चालन विधिः

१०.१ प्रति समूह ५ जनामा नघटाई बढिमा २ समूहमा १० जना प्रशिक्षार्थीहरुलाई स्थलगत रुपमा तोकिएको विषय विशेष तालिमसँग सम्वन्धित पशुपन्छीका सरकारी, अर्धसरकारी र उत्कृष्ट सहकारी एवम् नीजि फार्म र श्रोतकेन्द्रहरुमा तालिम सञ्चालन गरिनेछ।

१०.२ गाई, भैंसी, बाख्रा, बंगुर र कुखुरा पालन विषयहरुमा स्वीकृत पाठक्रम अनुसार तालिम सञ्चालन हुनेछ।

१०.३ सहभागीहरुले आधारभूत र पुनर्ताजगी दुवै प्रकारका तालिमहरुमा १५ दिनसम्म सम्वन्धित विषयको फार्ममा नै बसेर फार्मको प्रवन्धक, प्राविधिक कर्मचारीहरुको सहयोग, रेखदेख, सहजीकरणमा फार्मको दैनिकी कार्यमा सहभागी भई ज्ञान सीप हासिल गर्नुपर्ने छ।

१०.४ यस व्यवहारिक तालिममा फार्ममा गरिने सम्पूर्ण दैनिक क्रियाकलापहरुमा प्रशिक्षार्थीहरु आफै सहभागी भै गर्दै सिक्दै जाने विधि अपनाईनेछ ।

१०.५ दैनिक तालिम सत्र र कक्षाको समय फार्मको दैनिक कार्यसञ्चालन समय अनुसार विहानी सत्रमा ८ बजे देखि दिनको खाना समयअघि २ कक्षा र खाना समय पछि अपरान्ह सत्रमा कार्यालय समयसम्म २ कक्षा गरी दिनमा जम्मा ४ कक्षा सञ्चालन गरिनेछ।

१०.६ कक्षा संचालन समय बाहेक तालिम अवधिभर प्रशिक्षार्थीहरुले सम्बन्धित विषयका प्रशिक्षकहरुको सहजिकरणमा सिकाईको कार्य जारी राख्नु पर्ने छ र उक्त सहजीकरण कार्यको जिम्मेवारी औपचारीक कक्षा अवधिमा संलग्न सम्बन्धित प्रशिक्षकहरुको नै हुनेछ।

१०.७ सो सहजिकरण वापत थप पारिश्रमिक उपलब्ध गराईने छैन। प्रशिक्षार्थीहरुले तालिम अवधिभर दैनिक सिकेका र गरेका क्रियाकलापहरुको टिपोट डायरी सप्ताह अन्त्यमा सम्बन्धित विषयका सुपरीवेक्षक समक्ष पेश गर्ने र सुपरीवेक्षकले आवश्यक पृष्ठपोषण गरी दस्तखत प्रमाणित गरिदिनु पर्नेछ।

१०.८ तालिम अवधि पूरा भएपछि सहभागीहरुलाई पशु सेवा तालिम तथा प्रसार निर्देशनालय हरिहरभवन र तालिम सञ्चालन गर्ने फार्मले संयुक्त रुपमा प्रमाण - पत्र प्रदान गर्नेछन्।

१०. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।


११. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ। मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

१२. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।





180

## परिच्छेद ३

## आर्थिक नर्मस् सम्बन्धी

पशु सेवा विभागको लागी पशु सेवा तालिम तथा प्रसार निर्देशनालयबाट प्रकाशित पशु सेवा कार्यक्रम सञ्चालन नर्मस निर्देशिकामा उल्लेख भए मुताबिक १५ दिने तालिम सञ्चालनको लागि दैनिक रुपमा कार्यसञ्चालन गर्दाको अवस्थामा लाग्ने खर्चको परिमाण र दर अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७० मा स्वीकृत तालिमका दैनिक नर्मसलाई आधार मानी तालिम सञ्चालन गरिने छ।

५ जना कृषक सहभागी एक विषयको तालिमको लागि निम्न अनुसारको नर्मस प्रयोगमा ल्याईनेछ ।

| क सं | विवरण | संख्या | दर | जम्मा खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहभागीहरुको भ्रमण खर्च | ५ | ३००० | १५०० | |
| २ | सहभागीको दैनिक भत्ता | ५×१६.५ | १००० | ८२५०० | |
| ३ | तालिम संयोजक र सहयोगी भत्ता | १×१५<br>२×१५ | ३००<br>१५० | ४५००<br>४५०० | एउटै फार्ममा एकै पटक दुई समूह तालिम सञ्चालन भएमा एउटा मात्र व्यवस्थापन समूह रहने । |
| ४ | प्रशिक्षार्थी खाजा | ५×१५ | १५० | ११२५० | |
| ५ | प्रशिक्षक खाजा | ४×१५ | १५० | ९००० | |
| ६ | व्यवस्थापन समूह खाजा | ३×१५ | १५० | ६७५० | एउटै फार्ममा एकै पटक दुई समूह तालिम सञ्चालन भएमा एउटा मात्र व्यवस्थापन समूह रहने । |

४

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | प्रशिक्षक पारिश्रमिक | ४×१४ | १२०० | ६७२०० | |
| ८ | स्टेशनरी | ५ | १०० | ५०० | |
| ९ | मसलन्द र तालिम सामग्री | १ | २५०० | २५०० | |
| १० | प्रशिक्षार्थी व्यवहारिक अभ्यासको लागि एप्रोन, गमबुट आदि | ५ | १५०० | ७५०० | |
| | ब्यानर र प्रमाण - पत्र (नर्म्स अनुसार) | | | २००० | (नर्म्स अनुसार) |
| १२ | तालिम सञ्चालक फार्मलाई Biosecurity जैविक सुरक्षा र प्रशिक्षार्थीहरुलाई साबुन, तौलिया आदि व्यवस्थापन गर्न | ५ | १५०० | ७५०० | |
| १३ | पानी र उद्घाटन/ समापन खर्च | एकमुष्ठ | ५००० | ५००० | |
| १४ | अन्य नमूना फार्महरुमा अवलोकन भ्रमणको लागि सवारी साधन भाडामा | एकमुष्ठ | १५००० | १५००० | |
| १५ | इन्धन, मिनिकिट लगायत तालिम सञ्चालनमा आवश्यक सामग्रि खर्च | आवश्यकता अनुसार | प्रचलित वजार भाउ अनुसार | २०००० | |
| १६ | ह्याण्ड्सआउट, फोटोकपि, वाईण्डिङ्ग र अन्य पठनपाठन सामग्रिहरुको फोटोकपि खर्च | आवश्यकता अनुसार | प्रचलित वजार भाउ अनुसार | १५००० | |
| १७ | तालिम मोडरेटरलाई प्रति हप्ता २ पटक सेवा गरे वापत दिने पारिश्रमिक | २ पटक | ३००० | ६००० | |
| १८ | तालिम सम्पन्न प्रतिवेदन | ०१ | २००० | २००० | |
| १९ | विविध | आवश्यकतानुसार | | १२५० | |
| | जम्मा | | | २७१४५० | |

## अनुसूचि १

### कृषकस्तर पशुपंक्षी पालन आधारभूत व्यवहारिक तालिमका लागि सहभागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क.स. | निवेदकको नाम | ठेगाना | पशुपालनमा संलग्नता (५०) | उमेरको हद (१८ देखि ५०) (२०) | वैदेशिक रोजगारीबाट फर्केको (१५) | महिला जनजाती दलित (५) | भौगोलिक (१०) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूचि २

कृषकस्तर पशुपन्छी पालन आधारभूत व्यवहारिक तालिममा सहभागिताको लागि दिईने निवेदनको ढांचा

श्रीमान कार्यक्रम निर्देशक/कार्यालय प्रमुखज्यू,

...................................

........................

विषय : कृषकस्तर पशुपंक्षी पालन आधारभूत व्यवहारिक तालिममा सहभागि हुन पाउं।

महोदय ,

त्यस निर्देशनालय/कार्यालयको मिती ...........................को ..........................मा प्रकाशित सूचना अनुसार पशुपन्छीमा संलग्न युवाहरुका लागि त्यस निर्देशनालय/कार्यालयद्वारा संचालन गरिने कृषकस्तर पशुपंक्षी पालन आधारभूत व्यवहारिक तालिममा सहभागिताका लागि अनुरोध गरिन्छ।

पुनश्च : आवेदन साथ तपिसल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न गरिएको व्यहोरा अनुरोध गरिन्छ। ।

तपसिल

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिप
- फार्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी
- जनजाति/दलितको हकमा आधिकारीक निकायबाट प्रमाणित प्रमाणपत्र वा सिफारिश पत्र
- वैदेशिक रोजगारीबाट फर्केको प्रमाणको प्रतिलिपी